जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ ❋ अंक : ११ ❋ २०८३ साल बैशाख १३ गते, आईतबार ❋ Sunday, Arp.– 26 2026 ❋ मूल्य रु. ५/- पृष्ठ : ४

## यातायात कार्यालय विरगञ्जमा “सेटिङ” र अनियमितता आरोप, दुर्घटना बढाएको चांसो

***१२ बैशाख, विरगंज / बारा***

वीरगञ्ज स्थित यातायात व्यवस्था कार्यालयमा चालक अनुमति पत्र ( लाइसेन्स) वितरण प्रक्रियामा व्यापक अनियमितता र सेटिङ हुने गरेको गम्भीर आरोप सार्वजनिक भएको छ। व्यवस्था परिवर्तनको दाबी भए पनि व्यवहारमा अवस्था उस्तै रहेको भन्दै सेवाग्राहीले असन्तुष्टि व्यक्त गरेका छन्।

आरोपअनुसार लिखित तथा ट्रायल परीक्षामा समेत मिलेमतोका आधारमा पास गराउने, परीक्षा हलभित्रै संकेत गरेर अयोग्य व्यक्तिलाई उत्तीर्ण गराउने र सोही दिन नतिजा प्रकाशित गर्ने जस्ता अभ्यास भइरहेको दाबी गरिएको छ। यसलाई “पारदर्शिताको आवरणमा हुने सेटिङ” भन्दै आलोचना गरिएको छ।




सेवाग्राहीहरूका अनुसार परीक्षा प्रक्रिया पूरा नगरेका वा अयोग्य व्यक्तिहरूलाई समेत मोटो रकमको लेनदेनमार्फत लाइसेन्स वितरण भइरहेको छ। विचौलियामार्फत फोन तथा व्हाट्सएपमै “डिल” हुने गरेको र कार्यालय समय बाहिर समेत अनौपचारिक रूपमा काम मिलाइने गरेको आरोप छ।

आरोपको केन्द्रमा रहेका कार्यालय प्रमुख कुशेवर साह को निर्देशनमै ट्रायल तथा प्रशासनिक टोली मिलेर अनियमितता भइरहेको दाबी सेवाग्राहीले गरेका छन्। बिना ट्रायल समेत लाइसेन्स वितरण हुने गरेको गुनासो पनि सार्वजनिक भएको छ।

यसैबीच, लाइसेन्स वितरणमा अयोग्य व्यक्तिहरूलाई समेत अनुमति दिइँदा सडक दुर्घटना, अंगभंग र अकाल मृत्यु बढ्दै गएको स्थानीयको चिन्ता छ। पछिल्ला दिनमा दुर्घटनाको संख्या तीव्र रूपमा बढेको भन्दै यसलाई “जनस्वास्थ्य र सुरक्षामाथिको गम्भीर जोखिम” का रूपमा लिइएको छ।

सेवाग्राहीहरूले व्यवस्थामा सुधारको दाबी गरिए पनि व्यवहारमा पुरानै प्रवृत्ति कायम रहेको बताएका छन्। उनीहरूले नियामक निकायको मौनताले अनियमितता झन् बढाएको आरोप लगाएका छन्।

कार्यालय प्रमुख कुशेवर साहले भने हालसम्म यी आरोपबारे औपचारिक प्रतिक्रिया दिएका छैनन्। सेवाग्राहीहरूले तत्काल छानबिन गरी पारदर्शी परीक्षा प्रणाली लागू गर्न र अयोग्य व्यक्तिलाई लाइसेन्स वितरण रोक्न माग गरेका छन्। प्रतिक्रियामा आरोप अस्विकार गरेका छन्।

## सुकुम्वासी व्यवस्थापनमा बहुपर्यायी योजना: अस्थायी बसोबासदेखि अपार्टमेन्टसम्म

***१२ बैशाख, काठमाडौं ।***

नदी किनारका बस्ती हटाउने अभियानसँगै सरकारले सुकुम्वासी व्यवस्थापनका लागि चरणबद्ध योजना अघि बढाएको छ। प्रारम्भिक चरणमा विस्थापित परिवारहरूको उद्धार, विवरण संकलन र अस्थायी बसोबास व्यवस्थापनमा ध्यान केन्द्रित गरिएको छ भने पहिचानपछि दीर्घकालीन आवासको व्यवस्था गरिने बताइएको छ।





सरकारका अनुसार वास्तविक सुकुम्वासी परिवारलाई पहिचान प्रक्रिया पूरा भएको दुई साताभित्र नागार्जुन नगरपालिका स्थित सरकारी अपार्टमेन्टमा स्थानान्तरण गरिनेछ। प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाह ले हाल विस्थापित परिवारहरूको अस्थायी व्यवस्थापन भइरहेको र त्यसपछि मात्र स्थायी बसोबासतर्फ अघि बढाइने जानकारी दिएका छन्।

विवरण संकलनका लागि दशरथ रंगशाला मा स्क्रिनिङ सेन्टर स्थापना गरिएको छ, जहाँ हालसम्म १२३ परिवारका ५६४ जनाको तथ्यांक संकलन भइसकेको छ। संकलित विवरणअनुसार थापाथली, गैरीगाउँ, सिनामंगल र शान्तिनगर क्षेत्रका परिवारहरू यस प्रक्रियामा समेटिएका छन्।

अस्थायी बसोबासका लागि सुरुमा कीर्तिपुर स्थित सत्सङ भवन प्रयोग गरिएको थियो। तर त्यहाँ क्षमता भरिएपछि बाँकी परिवारलाई होटलमा राख्न थालिएको छ। काठमाडौँ महानगर प्रहरी बल का अनुसार माछापोखरी र नयाँ बसपार्क क्षेत्रका होटलहरूमा करिब ७० कोठा बुक गरेर व्यवस्थापन गरिएको छ।

यसैबीच, सुकुम्वासी व्यवस्थापनको अर्को विकल्पका रूपमा पाँचतले भवन पनि तयारी अवस्थामा राखिएको छ। उक्त भवनका ४२ कोठामा सुकुम्वासीहरूलाई राख्ने योजना भए पनि त्यहाँ सञ्चालनमा रहेका अन्य संरचना र गतिविधिको व्यवस्थापन अझै अन्योलमै छ। भवनभित्र रानीवन नासिढोका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यालय सञ्चालनमा रहँदा त्यसलाई कसरी स्थानान्तरण गर्ने भन्ने स्पष्टता आएको छैन। साथै, भुइँतलामा सञ्चालन हुँदै आएको योगा कार्यक्रमबारे पनि कुनै निर्णय सार्वजनिक गरिएको छैन।

यसले सुकुम्वासी व्यवस्थापनमा समन्वय र स्पष्ट कार्ययोजनाको आवश्यकता औंल्याएको छ। एकातर्फ तत्काल बसोबासको दबाब छ भने अर्कोतर्फ उपलब्ध संरचनाको प्रभावकारी उपयोग कसरी गर्ने भन्ने चुनौती देखिएको छ। सरकारको योजना अस्थायी राहतदेखि दीर्घकालीन आवाससम्म केन्द्रित भए पनि यसको सफल कार्यान्वयन पारदर्शी पहिचान प्रक्रिया, पर्याप्त पूर्वाधार र सम्बन्धित निकायबीचको समन्वयमा निर्भर रहने देखिन्छ।

## काठमाडौँ–तराई फास्ट ट्र्याक: दुई लेनबाट सुरु गर्ने सरकारको नयाँ रणनीति

***१२ बैशाख , काठमाडौं ।***

संघीय राजधानी काठमाडौँ लाई तराई/मधेश क्षेत्रसँग जोड्ने महत्त्वाकांक्षी काठमाडौँ-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) समयमै सम्पन्न हुन नसक्ने देखिएपछि सरकारले वैकल्पिक मोडेल अपनाउने तयारी गरेको छ। अब चार लेन एकैपटक निर्माण गर्ने योजना स्थगित गर्दै पहिलो चरणमा दुई लेनको सडक निर्माण गरेर सञ्चालनमा ल्याउने प्रस्ताव अघि सारिएको हो।



राष्ट्रिय योजना आयोग ले यस योजनालाई तीव्रता दिँदै सम्बन्धित प्रक्रिया अघि बढाएको जनाएको छ। आयोगका अनुसार ढिलाइका कारण नागरिकले पाउनुपर्ने सेवा रोकिएकाले कम्तीमा आंशिक सञ्चालनमार्फत सुविधा उपलब्ध गराउने रणनीति बनाइएको हो।

द्रुतमार्ग निर्माणको जिम्मा लिएको नेपाली सेना ले हालसम्म सन्तोषजनक प्रगति हासिल गर्न सकेको छैन। २०८२ माघ मसान्तसम्म परियोजनाको भौतिक प्रगति ४५.८६ प्रतिशत मात्र पुगेको छ। परियोजनाको हालको म्याद २०८३ चैत मसान्तसम्म भए पनि त्यस अवधिमा काम सम्पन्न हुने सम्भावना न्यून देखिएको छ।

खासगरी खोकना-डुकुछाप खण्डमा स्थानीयले धार्मिक तथा सांस्कृतिक कारण देखाउँदै जग्गा अधिग्रहणमा अवरोध गरेपछि निर्माण कार्य

बाँकी तेस्रो पृष्ठमा

## सशस्त्र प्रहरी मटिअर्वाका डीएसपी पौडेल छानबिनमा गणमा तानिए, सीमा सुरक्षाको प्रभावकारितामाथि गम्भीर प्रश्न

***१२ बैशाख, कलैया।***

बारा जिल्ला मा सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरी अधिकारीमाथि गम्भीर आरोप लागेपछि छानबिन प्रक्रिया अघि बढाइएको छ। मटिअर्वास्थित प्रस्तावित सीमा सुरक्षा गुल्ममा कार्यरत डीएसपी नारायण प्रसाद पौडेललाई जिम्मेवारीबाट हटाएर गणमा तानिएको छ।



स्रोतका अनुसार उनलाई मदिरा सेवन गरी कार्यस्थलमै अक्षम अवस्थामा रहने गरेको र सोही अवस्थामा सीमा क्षेत्रमा हुने कबाड तथा कपडाको तस्करीमा तस्कर समूहलाई सहयोग गरेको आरोप छ। उजुरीपछि उनलाई तत्काल कारबाही स्वरूप जिल्ला गणमा तानिएको जनाइएको छ।

सशस्त्र प्रहरी बल नेपालका उच्च पदस्थ अधिकारी (एसपी) विशाल सिलवालद्वारा आकस्मिक अनुगमनका क्रममा उनी कार्यस्थलमै मदिरा सेवनका कारण अचेत अवस्थामा भेटिएको दाबी गरिएको छ।

घटनापछि उनलाई बारा जिल्ला स्थित १२ नम्बर गणमा तानेर थप छानबिन सुरु गरिएको स्रोतले जनाएको छ।

यसैबीच, सीमा क्षेत्रमा तस्करी नियन्त्रणको जिम्मेवारीमा रहेका

बाँकी तेस्रो पृष्ठमा

## सर्लाही सीमा नाकाबाट ठूलो परिमाणको तस्करी बरामद, दुई जना नियन्त्रणमा

***१२ बैशाख, बारा/ सर्लाही।***

सर्लाही जिल्लाका विभिन्न सीमा नाकाहरू प्रयोग गरी भारततर्फ तस्करी गरेर पठाइएको ठूलो परिमाणको चिनियाँ लसुन र कृषि बीउ बरामद भएको छ। घटनामा दुई जना व्यक्तिलाई नियन्त्रणमा लिइएको भारतीय पक्षले जनाएको छ।



भारतको सीतामढी जिल्लाअन्तर्गत पर्ने लालबन्दी नाका क्षेत्रमा खटिएको भारतीय सशस्त्र सीमा बल (एसएसबी) को टोलीले शुक्रबार दुई वटा महिन्द्रा बोलेरो पिकअप गाडी जाँच गर्दा ठूलो परिमाणमा सामान फेला पारेको हो।

बरामद गरिएको सामग्रीमा करिब १ हजार २०६ किलो चिनियाँ लसुन (६७ पोका) र ३ हजार ७२४ किलो काँक्रोको बीउ रहेको छ। प्रारम्भिक अनुसन्धान अनुसार ती सामग्री सखुअवा र संग्रामपुर नाका प्रयोग गरी सीमापार तस्करी गरेर भारत पुऱ्याइएको पाइएको छ।

एसएसबीले बरामद सामान, नियन्त्रणमा लिइएका दुई जना व्यक्ति र प्रयोग गरिएका सवारीसाधनलाई थप कारबाहीका लागि सोनबरसा भन्सार कार्यालय, सीतामढीमा बुझाएको जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"

- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय ........

# बारामा तस्करीको जालो: खुला सीमाको आडमा संगठित आर्थिक अपराध

बाराको सीमावर्ती क्षेत्रमा पछिल्ला दिनमा सार्वजनिक भएका तस्करीसम्बन्धी घटनाक्रमले स्थानीय प्रशासन र सुरक्षा संयन्त्रको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ। सिम्रौनगढ, कचोर्वा, बसवरिया-झरोखर, पिपरपाती र बेनौलीजस्ता नाकाबाट काजु, चकलेट, कपडा र खाद्यान्नजस्ता सामग्री अवैध रूपमा भित्रिने क्रम संगठित र निरन्तर रहेको आरोपले यो समस्या सामान्य अवैध कारोबारभन्दा धेरै माथि पुगेको संकेत गर्छ।

स्थानीयले उपलब्ध गराएका भिडियो, तस्बिर र सूचनाले देखाउँछ–यो गतिविधि लुकिछिपी होइन, बरु योजनाबद्ध ढंगले सञ्चालन भइरहेको छ। रातको समय, साना सवारीसाधन, वैकल्पिक नाका र गोदामको प्रयोग–यी सबैले एउटा सुदृढ सञ्जाल सक्रिय रहेको पुष्टि गर्छ। अझ चिन्ताजनक कुरा, 'स्लिप जोन' बनाएर निगरानी छलेर काम भइरहेको दाबीले सुरक्षा निगरानीमै कमजोरी वा मिलेमतोको आशंका पैदा गरेको छ। सिम्रौनगढ क्षेत्रमा भएको बरामद, मौलापुरमा नियन्त्रणमा लिइएका सवारी र सामानले तस्करीको जरो गहिरो रहेको देखाउँछ। तर यस्ता कारबाही छिटपुट उपलब्धिमा सीमित छन्। यदि सञ्जालकै संरचना ज्यूँका त्यूँ रह्यो भने, एक-दुई कारबाहीले समस्या समाधान हुँदैन। बाराको सन्दर्भमा यो समस्या अझ गम्भीर छ, किनकि यहाँबाट अवैध सामान अन्य जिल्लासम्म सजिलै पुग्ने गरेको आरोप छ। कलैया हुँदै देशको राजधानीसम्म तस्करी फैलिएको आशंकाले यो विषय स्थानीय होइन, राष्ट्रिय अर्थतन्त्रसँग जोडिएको प्रश्न बनेको छ। राजस्व चुहावट, वैध व्यवसायमा असर र अवैध अर्थतन्त्रको विस्तार–यी सबैको केन्द्रबिन्दु बन्ने खतरा बारामा देखिन्छ।

अब प्रश्न उठ्छ–किन नियन्त्रण हुन सकेन? खुला सीमा मात्र कारण होइन। प्रभावकारी निगरानीको अभाव, प्रविधिको न्यून प्रयोग, र सम्भावित 'सेटिङ' संस्कृतिले समस्या झन् जटिल बनाएको छ। यदि सुरक्षाकर्मी वा स्थानीय तहका केही तत्वको संलग्नता छ भने, त्यो राज्यको विश्वसनीयतामाथि सीधा प्रहार हो। समाधानका लागि कडा र स्पष्ट कदम आवश्यक छ। सीमावर्ती क्षेत्रमा प्रविधिमा आधारित निगरानी बढाउनुपर्छ। गोदाम र वितरण सञ्जालमाथि लक्षित छापा र अनुसन्धान हुनुपर्छ। र सबैभन्दा महत्वपूर्ण–कुनै पनि तहको मिलेमतो प्रमाणित भएमा निस्पक्ष कारबाही गरिनुपर्छ। बाराका बासिन्दाले उठाएका आवाजलाई सामान्य गुनासो ठानेर बेवास्ता गर्न मिल्दैन। जब स्थानीय आफैं प्रमाणसहित बोल्न थाल्छन्, त्यो समस्याको गहिराइको संकेत हो। तस्करी अब केवल सीमा नाघ्ने गतिविधि होइन; यो राज्यको शासन क्षमता र इमान्दारिताको परीक्षा बनेको छ। अब निर्णय राज्यकै हातमा छ–के बारालाई तस्करीको ट्रान्जिट बनिरहने दिने, वा कडा कदम चालेर कानुनी शासन स्थापित गर्ने?

# बहिरा शिक्षणमा द्वैभाषावाद





ऋषिराम देवकोटा

बहिरा शिक्षणमा द्विभाषीय पद्धतिको ऐतिहासिक पृष्ठभूमि धेरै महत्त्वपूर्ण र परिवर्तनशील छ। यसको विकास विभिन्न समयमा विभिन्न शैक्षिक दृष्टिकोण, सामाजिक मान्यता र भाषिक अधिकारको आन्दोलनसँग गाँसिएको छ।

विश्वको इतिहासमा सुनाइसम्बन्धी समस्या भएका बहिरा तथा सुस्त श्रवण व्यक्तिलाई शिक्षण सिकाइको ऐतिहासिक उद्गम समय, स्थान, प्रयोगकर्ताको नालीबेली दिन सकिएको छैन। खोज अनुसन्धानका प्रतिवेदनमा पश्चिमा विकसित देशमा १७ औँ शताब्दीदेखि नै बहिरालाई साङ्केतिक भाषामा शिक्षा दिन थालिएका तथ्य पाइन्छ। अभ्यास अनुसन्धानकै क्रममा केही विवाद, केही उपलब्धि, केही द्विविधा हुँदै सन् १८८० मा आइपुग्दा 'इन्टरनेसनल कांग्रेस अन डेफ एजुकेसन' को इटलीमा भएको विश्व सम्मेलन नामक भेलाले विद्यालयमा शिक्षक र विद्यार्थी दुवैले शिक्षण सिकाइका क्रममा साङ्केतिक भाषाको प्रयोग नगर्ने प्रस्ताव पारित गरी ओठे भाषा वा मौखिक विधिमा अध्यापन गर्न सिफारिस गरेको थियो। समयक्रममा सन् १९६० मा अमेरिकाका विलियम स्टोके भन्ने व्यक्तिले साङ्केतिक भाषा पनि अन्य भाषा जस्तै भाषिक क्षमता राख्न सक्छ भनी खोजमूलक सामग्री प्रकाशन गरेर साङ्केतिक भाषालाई सबलता प्रदान गरेपछि बहिरा शिक्षणमा नयाँ उभार आएको थियो।

### द्विभाषीय पद्धति

सुनाइसम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिको शिक्षामा पूर्ण सञ्चार विधि (साङ्केतिक भाषा, मौखिक वा ओठको भाषा, लिखित भाषा, अनुहार र शारीरिक हाउभाउ .... इत्यादि) प्रयोग हुँदै गर्दा द्विभाषीय पद्धतिको अवधारणा आएको हो। तत्कालमा द्विभाषीय पद्धति साङ्केतिक भाषाको विकल्पमा नभई सहयोगी भूमिकामा आएको थियो। वर्तमानमा बहिरा शिक्षामा सहयोगी मात्र नभई अनिवार्य आवश्यकता जस्तै भएको छ। बहिरा विद्यार्थीको सांस्कृतिक र भाषिक पहिचानको संरक्षण गर्न र उनीहरूको सञ्चार, सामाजिक समावेशीकरण र शैक्षिक प्रगति सुनिश्चित गर्न दुई वटा भाषा प्रयोग गरी शिक्षा दिने पद्धति नै द्विभाषीय पद्धति हो। यस पद्धति साङ्केतिक भाषालाई प्रमुख भाषा मानेर दोस्रो भाषाको विकासमा सहयोग पुऱ्याउने शैक्षिक रणनीति हो। बहिरा शिक्षणमा साङ्केतिक भाषा र लिखित वा मातृभाषाको संयोजन गरी शिक्षण गर्दा विद्यार्थीलाई नेपाली, अङ्ग्रेजीलगायत दोस्रो भाषामा पहुँच बढाउन सहयोग गर्छ। द्विभाषीय पद्धति अन्तर्गत बहिरा शिक्षणमा सामान्यतया यी दुई भाषा हुन्छन्। १. साङ्केतिक भाषा : यो बहिरा विद्यार्थीको पहिलो भाषाको रूपमा प्रयोग गरिन्छ। २. लिखित भाषा : जस्तै नेपाली, अङ्ग्रेजी भाषा, यी दोस्रो भाषाको रूपमा प्रयोग गरिन्छन्।

### अन्तर्राष्ट्रिय अभ्यास

सन् १८ औँ शताब्दीको सुरुमा अमेरिकाको भर्जिनियाको कोब्समा बहिराका लागि विद्यालय खोलिएको थियो। १८१६ मा त्यो बन्द भयो किनभने यसबेला बहिरा प्राकृतिक साङ्केतिक भाषा प्रयोग गर्थे। विद्यालयमा त्यस्ता विद्यार्थीलाई दण्डित गरिन्थ्यो। १८१७ मा अमेरिकन स्कुल फर दी डेफ सुरु गरिएको थियो र यहाँ साङ्केतिक भाषा प्रयोग गरिन्थ्यो। सन् १८ औँ र १९ औँ शताब्दीको सुरुसम्म धनी तथा ठुला व्यापारीले बहिरा छोराछोरीलाई शिक्षाका लागि स्कटल्यान्डको एडिनवर्गमा (१७६० मा डेफ एन्ड डमहरूका लागि खोलिएको एकेडेमी) मा पढाउँथे र त्यहाँ पनि मौखिक विधिकै प्रयोग हुन्थ्यो। सन् १८६३ मा वासिङ्टन डिसी मा ग्यालडेड कलेज स्थापना भई त्यहाँ साङ्केतिक भाषा प्रयोगमा विश्वास गरी व्यवहार गरिएको हुन्थ्यो तर यो परमेश्वरका लागि साङ्केतिक भाषामार्फत दिमाग र आत्मा खोल्छ भनी विश्वास गर्ने समूहद्वारा गरिएको थियो।

कालान्तरमा सन् १८८० मा इटलीको मिलानमा भएको बहिरा प्रशिक्षकको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनले बहिराका लागि शिक्षणमा प्रयोग हुँदै आएको साङ्केतिक विधिलाई प्रतिबन्धित गरी मौखिक वा ओष्ठ विधिलाई सिकाइ र सञ्चारको माध्यम भाषाको रूपमा प्रयोग गर्ने निर्णय गऱ्यो। यसमा खास बहिराहरूले चित्त बुझाएनन्। उक्त निर्णयको विकल्पमा बहिराहरूले गोप्य रूपमा लेखन विधिका साथै साङ्केतिक भाषा प्रयोग गरी साञ्चारिक व्यवहार गर्दै आएका थिए। यस सत्यतालाई अमेरिकाले स्वीकार गर्दै अमेरिकाको ग्यालोडेड स्कुलमा साङ्केतिक भाषाको प्रयोग गरी शिक्षण गर्न थालेको थियो। विश्व जगत्मा यसको असरका कारण इसं १८९० देखि १९६० सम्म मिश्रित विधिमा मापदण्ड तयार गरी शिक्षण गरिएको थियो। (मिश्रित विधि भन्नाले शिक्षणमा बोलीको प्रयोगसँगै लेखाइ, हस्त वर्ण र सङ्केतको संयोजन भन्ने बुझिन्छ)। सन् १९९१ मा जापानको टोकियोमा भएको विश्व बहिरा सङ्घको महाधिवेशनमा साङ्केतिक भाषालाई बहिराहरूको आधिकारिक भाषा मानी विकास गर्दै विश्वव्यापी बनाउनुपर्नेमा जोड दिइयो। सन् १९९३ को अगष्ट १६ देखि २० सम्म स्विडेनको स्टकहोममा बहिरा शिक्षामा द्विभाषामा आधारित विद्यालय स्तरीय विशेष पाठ्यक्रम लागु गरी साङ्केतिक भाषा र स्विडिस राष्ट्र भाषा दुवै प्रयोग गर्ने निर्धारण गरियो। यसको प्रभाव क्रमशः विश्वव्यापी बन्दै आएको छ।

बहिरा शिक्षणमा द्विभाषीय पद्धतिको ऐतिहासिक पृष्ठभूमि धेरै महषवपूर्ण र परिवर्तनशील छ। यसको विकास विभिन्न समयमा विभिन्न शैक्षिक दृष्टिकोण, सामाजिक मान्यता र भाषिक अधिकारको आन्दोलनसँग गाँसिएको छ। समय क्रममा १९९० दशकदेखि द्विभाषीय दृष्टिकोणको उदय भयो। द्विभाषावादसँगै पूर्ण सञ्चारको मिश्रित प्रयोग भएको पाइन्छ। किनकि यसमा चासो राख्ने विभिन्न चिन्तक, बहिरा समुदाय र भाषाविद्‌को अभ्यास र प्रयोगले साङ्केतिक भाषा पनि पूर्ण भाषा हुन सक्छ भनेर जोड दिन थाले। सँगसँगै थप अनुसन्धानबाट पहिलो भाषाको रूपमा साङ्केतिक भाषा प्रयोग गर्दा बहिरा विद्यार्थीको सांस्कृतिक पहिचान र शैक्षिक उपलब्धि सुधार हुने तथ्यहरूका आधार पत्ता लगाए र दोस्रो भाषाका रूपमा लिखित भाषा हुने कुराको पुष्टि गरे। नेपालको सन्दर्भमा नेपाली साङ्केतिक भाषालाई पहिलो भाषा र लिखित/मौखिक भाषा जस्तै : नेपाली, अङ्ग्रेजीलाई दोस्रो भाषाको रूपमा प्रयोग गर्ने क्रम विकास हुँदै आएको छ।

### नेपालका प्रारम्भिक सिकाइ

नेपालमा बहिरा बालबालिकाका लागि विद्यालयमा वा अन्य स्थानमा विशेष प्रकारले साङ्केतिक, बहुभाषिक शिक्षण तथा पूर्णसञ्चार विधि र दृश्य सामग्रीको प्रयोग गर्दै र द्विभाषावादलाई अङ्गीकार गर्दै औपचारिक र अनौपचारिक दुवै विधि र प्रक्रियाद्वारा सिकाइ क्रियाकलाप गरिन्छन्। यहाँ भाषाका चार वटै सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) अपनाएर सिकाइ गर्ने साङ्ग विद्यार्थीले प्रयोग गर्ने पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री र मूल्याङ्कन इत्यादि शैक्षणिक गतिविधि अन्तर्गत रही केही पृथक् तथा विशेष शैलीबाट शिक्षण कार्य पूरा गर्ने चलन छ। शिक्षा क्षेत्रमा आएको नयाँ आयाम अनुसारको समाहित कक्षामा अन्य विद्यार्थीसँगै बहिरालाई पनि उपयुक्त वातावरण तयार गरी शिक्षण गर्न सकिन्छ भन्ने मान्यता स्थापित गर्न प्रयत्न गरिँदै छ।

शिक्षण आफैँमा एउटा प्राविधिक विषय हो। अझै त्यसले कुनै वर्ग विशेषलाई केन्द्रित गरी छुट्टै प्रक्रिया अवलम्बन गर्दै शिक्षण क्रियाकलाप र विधि अपनाउनुपर्ने अवस्थामा अति प्राविधिक स्वरूप देखाउँछ। विद्यालयको कक्षा कोठाभित्र सीमित होस् वा खुला शिक्षाका सन्दर्भमा औपचारिक र अनौपचारिक जुन कुनै प्रकारका शिक्षा होस् यो बहिराहरूका लागि सान्दर्भिक नै हुन्छ तर सहजकर्ता शिक्षक सामीप्यतामा हुनु अति आवश्यक पर्छ। पाँच ज्ञानेन्द्रीयमध्ये कानको (सुनाइको) अभावबाट सिकाइमा हुने असुविधा र क्षतिको पूर्ति गर्न हेराइ वा दृष्टिशक्तिले बढी महषव राख्ने हुनाले बहिरा शिक्षामा द्विभाषीय पद्धति अन्तर्गत अवलोकन वा हेराइ सिपको भूमिका अति अनिवार्य, प्राकृतिक र अकाट्य हुन्छ।

सुनाइ क्षमता राख्ने बालबालिकाको सिकाइ साक्षरता आवाजसँग सम्बन्धित हुँदै सुरु हुन्छ जहाँ प्रारम्भिक ध्वनि र सङ्केतको परिचय गराई सिकाइलाई गति दिइन्छ। क्रमश सङ्गठित भाषाका रूपमा सिकाइ गर्न सिकारुले ध्वनि सङ्केतहरू ध्वनि, शब्द, वाक्य इत्यादि अंशबाट पूर्ण सिकाइ सिद्धान्त अनुसार सिक्दै जान्छन्। बहिरा बालबालिकाहरूले प्रारम्भिक ध्वनि (आवाज) को सट्टा आँखा अगाडि मानिसहरूले प्रयोग गरेका प्राकृतिक सङ्केत, सामान्य व्यवहार, हाउभाउ र मुखाकृति हेर्दै अनुमानको भरमा सिकाइ गर्दै जब विद्यालय पुग्छन्, तब औँला हिज्जे र औपचारिक साङ्केतिक भाषा प्रयोग गर्दै बल्ल तीव्र सकाइ गर्छन्। विद्यालयमा आउँदासम्मको सिकाइ पूर्ण र शुद्ध हुन सक्दैन किनभने यसका लागि भाषा तथा सिकाइ विधि महषवपूर्ण हुन्छ। जसलाई द्वैभाषावादले समेट्न सक्छ। सुनाइ क्षमता राख्नेले अक्षरको स्वर तथा आवाज विधि अन्तर्गत शब्दको उच्चारण गर्दै लेखाइको पनि अभ्यास गर्छन्। बहिरालाई यस पद्धतिबाट सिकाउँदा मुख्य धारण क्षमता ( सुनाइबाट ज्ञान गर्ने) मा समस्या उत्पन्न भई स्वर वा आवाज विधि निस्काम हुन्छ। सुस्त श्रवणको सिकाइको हकमा चर्को आवाजका साथमा कुखाकृतिको निकै ठुलो महषव रहन्छ। सुनाइ क्षमता नहुनेहरूका लागि मुख्य शब्द पद्धति केही प्रतिशत उपयुक्त होला तर शब्द सङ्केत र औँला हिज्जे भने प्रथम तथा महषवपूर्ण कुरा हो। साक्षरताका लागि अर्को प्रचलित विधि भाषा अनुभव पद्धति हो र बहिराका लागि साङ्केतिक भाषामा नै आधारित रही दृश्य सामग्रीको प्रचुरतामा पूर्ण सञ्चार तथा द्विभाषीय पद्धतिद्वारा सजिलो र प्रभावकारी सिकाइ हुन सक्छ। हिजोआज आधुनिक डिजिटल ( विद्युतीय) माध्यमका दृश्य सामग्री र विधि बहिरा शिक्षणका लागि धेरै रुचाइएका, उत्कृष्ट र अति आवश्यक साबित भएका छन्।

### द्विभाषीय पद्धतिको महषव

द्विभाषीय पद्धति सुनाइसम्बन्धी अपाङ्गता भएका बहिरा विद्यार्थीको शिक्षण पद्धति हुनाले यसबाट उक्त लक्षित वर्गले सिकाइको पहिलो र महषवपूर्ण उद्देश्य पूरा गर्ने माध्यम उपलब्ध गर्छन्। उनीहरूलाई सिकाइ गतिविधि सहज र पहुँच योग्य हुँदा विषयगत सँगै भाषाको सिकाइमा अधिकतम स्तरीयता कायम हुन्छ जुन द्विभाषीय पद्धतिमा मात्र सम्भव छ। शिक्षण सामग्री र सहायक सामग्रीको यसमा अर्थपूर्ण प्रयोग हुन्छ। प्रथम भाषा (साङ्केतिक भाषा) मा सक्षमता वृद्धि गराउनका साथै दोस्रो भाषा (नेपाली अङ्ग्रेजी इत्यादि) मा पनि सजिलै सिक्न सक्छन्। सिकाइका विषय सामान्य विद्यार्थीसरह सिक्न द्विभाषीय पद्धतिको उत्तिकै महषवपूर्ण भूमिका हुन्छ। यस्तो वातावरणले समावेशी शिक्षाको प्रवर्धनमा महषवपूर्ण स्थान राख्छ।

बहिरा विद्यार्थीलाई सिकाइ वा विषय बोधमा द्विभाषीय पद्धतिमा हुने भाषा अनुवादले विशेष अर्थ राख्छ किनभने साङ्केतिक भाषाको आधारमा अर्को भाषा वा अर्को भाषालाई साङ्केतिक भाषामा अनुवाद गरेर बुझ्ने क्रम यसमा हुने गर्छ। छिटो हुने सिकाइ प्रक्रिया, बुझाइमा स्पष्टता, सञ्चारमा सहजता जस्ता गुणले द्विभाषीय पद्धतिको महषव र आवश्यकतालाई जुन कुनै पनि देशका शिक्षण संस्थाले बुझेर उपयोगमा ल्याएका छन्। यसबाट बहिरा विद्यार्थीको सिकाइमा आत्मविश्वास बढ्ने र उनीहरूको

बाँकी तेस्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## पाकिस्तानका प्रधानमन्त्री र इरानका विदेशमन्त्रीबिच इस्लामावादमा भेटवार्ता

***इस्लामावाद, वैशाख १२ गते ।*** पाकिस्तानका प्रधानमन्त्री मोहम्मद शहबाज सरिफ र इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीबिच शनिबार यहाँ भेटवार्ता भएको पाकिस्तानी प्रधानमन्त्रीको कार्यालयले जनाएको छ । पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री मोहम्मद इशाक दार र सेना प्रमुख फिल्ड मार्सल सैयद असिम मुनिर पनि बैठकमा सहभागी भएको कार्यालयले जनाएको छ ।



इरान र अमेरिकाबिच सम्भावित वार्तासम्बन्धी प्रस्तावमा केन्द्रित अराघचीको नेतृत्वमा रहेको इरानी प्रतिनिधिमण्डल आइपुगेपछि पाकिस्तानी र इरानी अधिकारीहरूले शुक्रबार र शनिबार श्रृङ्खलाबद्ध बैठक गरेका थिए। स्रोतका अनुसार वार्ताको क्रममा इरानले आफ्ना सर्त र प्रस्तावमा जोड दिएको थियो र द्वन्द्व अन्त्यका लागि कूटनीतिक संलग्नताको भविष्यको पाठ्यक्रम तय गर्न संलग्न रहने बाचा गरेको थियो ।

शुक्रबार राति एक उच्चस्तरीय बैठक भएको थियो जसमा इरानी पक्षले प्रमुख माग र संयुक्त राज्य अमेरिकाले अघि सारेको प्रस्तावको प्रतिक्रियामा आफ्नो स्थिति साझा गरेको थियो । मध्यस्थकर्ताको रूपमा काम गरिरहेका पाकिस्तानी अधिकारीहरूले वाशिङ्गटनबाट प्राप्त सन्देश सुनाएका थिए भने त्यसपछि इरानी प्रतिनिधिमण्डलले सत्र समाप्त गर्नु अघि आफ्नो विचार प्रस्तुत गरेको थियो ।

स्रोतका अनुसार इरानी प्रतिनिधिमण्डलले पाकिस्तानी मध्यस्थकर्तासँग दुवै पक्षको प्रतिक्रियाको समीक्षा गर्न र सम्भावित आगामी कदमको मूल्याङ्कन गर्न धेरै चरणका बैठकमा भाग लिएको थियो। स्रोतका अनुसार इरानी पक्षले यस क्षेत्रमा शान्ति र स्थिरतालाई बढावा दिने उद्देश्यका लागि पाकिस्तानी नेतृत्वले गरेको अथक र इमानदार प्रयासको प्रशंसा गरेको छ ।

## युक्रेनमा रूसी आक्रमण जारी, दुई जनाको मृत्यु, २१ घाइते

***युक्रेन, वैशाख १२ गते ।*** युक्रेनको पूर्वी डिनिप्रो शहरमा भएको पछिल्लो रूसी आक्रमणमा दुई जनाको मृत्यु हुनुका साथै २१ जना घाइते भएको अधिकारीहरुले शनिबार बताएका छन् । उद्धारकर्मीले रूसी आक्रमणबाट ध्वस्त भएको डिनिप्रो स्थित एउटा भवनको भग्नावशेषबाट दुई जनाको शव बरामद गरेको ड्निप्रोपेट्रोभस्क क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेक्सान्डर गान्झाले बताउनु भएको छ ।



पाँच जना अझै पनि भग्नावशेषमुनि फसेको हुन सक्ने आशंका गरिएको बताउदै उहाँले २१ जना घाइते भएको पुष्टि गर्नु भएको भएको छ । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनमा भएको पछिल्लो रूसी आक्रमणमा चार जनाको मृत्यु भएको र करिब ३० जना घाइते भएको बताउनु भएको छ ।

आक्रमणको सामना गर्न साझेदारलाई तत्काल र सहकार्य आवश्यक रहेको बताउदै हवाई रक्षा बलियो बनाउन तथा रूस विरुद्ध युरोपेली प्रतिबन्धको २१ औं प्याकेजतर्फ पनि अघि बढ्नु पर्ने बताउनुभएको छ । युक्रेनको सिमानामा रहेको रूस कुर्स्क क्षेत्रमा भएको युक्रेनी ड्रोन आक्राणमा परी एक जना घाइते भएको गभर्नर अलेक्जान्डर खिन्स्टेनले शनिबार बताउनु भएको छ ।

## बहिरा...

सिकाइ संस्कृतिमा टेवा पुग्ने निश्चित छ किनभने यो बहिराको शिक्षा प्राप्त गर्ने अधिकारसँग गाँसिएको विषय पनि हो । यस अनुकूलको शिक्षण सिकाइमा भाषा र विधि स्पष्ट हुँदा शैक्षिक अवसरको सदुपयोग हुन गई शैक्षिक उपलब्धि स्तरीय र सिकाइ आधार बलियो हुन्छ । बहिरा शिक्षणमा संलग्न शिक्षकलाई पनि विद्यार्थीको आवश्यकता बुझ्न र सम्बोधन गर्न सकारात्मक उत्प्रेरणा मिल्ने हुनाले द्विभाषीय पद्धतिको महषव र आवश्यकता जहाँसुकै समान रहेको स्पष्ट छ ।

***निष्कर्ष***

सुनाइसम्बन्धी अपाङ्गता भएका बहिरा विद्यार्थीका लागि विद्यालय शिक्षामा शिक्षण सिकाइका क्रममा वा सिकाइ वातावरणमा प्रयोग हुने द्विभाषीय पद्धति धेरै अनुसन्धान र प्रयोगपछिको संश्लेषणको प्रतिफलस्वरूप हाल विश्वभरि नै प्रचलनमा ल्याइएको छ । यसमा शिक्षाको साथै भाषा संस्कृतिको अधिकार एकै उद्देश्य अन्तर्गत व्यवहार हुने भएकाले बहिरा विद्यार्थी र त्यस समुदायले गर्व गर्छन् । उनीहरूमा आत्मविश्वासका साथ सिकाइ संस्कृतिमा बढोत्तरी हुने र समावेशी शिक्षाको उन्नयन तथा प्रवर्धनमा टेवा पुग्ने आधार भएकाले द्विभाषीय पध्दति आज शिक्षा क्षेत्रमा नयाँ आयामका रूपमा प्रचलनमा छ ।

## काठमाडौँ-तराई ...

प्रभावित भएको छ। यस खण्डअन्तर्गत पर्ने प्याकेज नम्बर ११ को खरिद प्रक्रिया नै अघि बढ्न सकेको छैन, जसले समग्र परियोजनामा ढिलाइ थपेको छ।

सरकारको नयाँ प्रस्तावअनुसार पहिलो चरणमा दुई लेनको सडक २०८४ सम्म तयार गरी सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ। यसले केही वर्षसम्म दैनिक १० देखि १२ हजार सवारीको चाप धान्न सक्ने दाबी गरिएको छ। त्यसपछि दोस्रो चरणमा बाँकी दुई लेन निर्माण गरी पूर्ण चार लेनको सडक बनाइनेछ।

द्रुतमार्गलाई बाहिरी चक्रपथसँग जोड्ने प्रारम्भिक योजना भए पनि चक्रपथको काम अघि नबढेकाले त्यसको प्रभाव पनि फास्ट ट्र्याकमा परेको छ। निरन्तरको ढिलाइका कारण संशोधित डीपीआरसहित पनि २०८६ अघि पूर्ण निर्माण सम्पन्न गर्न कठिन हुने आकलन गरिएको छ।

यसबीच भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मार्फत रक्षा मन्त्रालय हुँदै मन्त्रिपरिषद्मा पुनः म्याद थप्ने प्रस्ताव लैजाने तयारी भइरहेको स्रोतले जनाएको छ। अब सेनासँग परियोजना सम्पन्न गर्न औपचारिक रूपमा करिब एक वर्षको समय बाँकी छ, तर आधाभन्दा बढी काम अझै बाँकी रहेकाले समयमै पूरा हुनेमा आशंका कायमै छ।

सरकारको दुई लेनबाट सुरु गर्ने रणनीतिले तत्काल राहत दिने अपेक्षा गरिएको भए पनि दीर्घकालीन रूपमा लागत, समय र गुणस्तर व्यवस्थापनमा थप चुनौती सिर्जना हुने विज्ञहरूको भनाइ छ।

## मनोहरामा...

छ।

झडपपछि आक्रोशित स्थानीयले सडकमा टायर बालेर विरोध प्रदर्शन गरेका थिए, जसले आसपासको क्षेत्रमा केही समय यातायात अवरुद्ध भएको थियो। स्थिति नियन्त्रणमा लिन थप प्रहरी परिचालन गरिएको छ।

सुरक्षा निकायले घटनाबारे अनुसन्धान भइरहेको र अवरोध गर्ने समूह पहिचान गरी आवश्यक कानुनी कारबाही अघि बढाइने जनाएको छ। बस्ती हटाउने अभियान भने रोकिएको छैन, तर आगामी दिनमा थप सावधानीसहित सञ्चालन गरिने बताइएको छ।

## पोखरिया ...

लामो समयदेखि तलब र भुक्तानी रोकिनुका साथै सेवा प्रवाह प्रभावित हुँदा स्थानीय बासिन्दा मारमा परेका छन्। यद्यपि, यस विषयमा नगरप्रमुख तथा सम्बन्धित अधिकारीहरूले हालसम्म औपचारिक प्रतिक्रिया दिएका छैनन्।

## माडी ...

यसैबीच इलाका प्रहरी कार्यालय माडी बाट सुरक्षाकर्मी खटाइए पनि उनीहरूकै उपस्थितिमा गतिविधि नियन्त्रण नभएको आरोप लागेको छ। स्थानीयले प्रहरीको भूमिकामाथि पनि प्रश्न उठाएका छन्।

गोविन्द पुरी ले भने यस विषयमा आफूलाई आधिकारिक जानकारी नआएको बताएका छन्। उनले यदि जुवा खेलाइएको पुष्टि भए तत्काल कानुनी कारबाही गर्ने प्रतिक्रिया दिएका छन्।

नेपालको कानुन अनुसार जुवा खेल्नु वा खेलाउनु दण्डनीय अपराध हो। तर सार्वजनिक स्थानमै यस्ता गतिविधि खुलेआम भइरहँदा पनि नियन्त्रण नहुनु गम्भीर लापरबाही भएको स्थानीयको आरोप छ।

महोत्सवमा देखिएको गतिविधिबारे भिडियोहरू समेत सार्वजनिक भएका छन्, जसमा जुवा खेलाइएको दाबी गरिएको छ। यसले मेला व्यवस्थापन, स्थानीय प्रशासन र सुरक्षा संयन्त्रको समन्वयमाथि गम्भीर प्रश्न उठाएको छ।

स्थानीयवासीले तत्काल छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न र यस्ता गतिविधि रोक्न कडा कदम चाल्न माग गरेका छन्।

## जिसस ...

स्रोतका अनुसार आवश्यक सूचना संकलन गरी पक्राउ प्रक्रिया अघि बढाइएको छ।

यसैबीच निरञ्जन प्रसाद सोनार ले आफूमाथि लागेको आरोप अस्वीकार गर्दै राजनीतिक पूर्वाग्रहका कारण मुद्दामा मुछिएको दाबी गरेका छन्। उनले आफू घटनामा संलग्न नभएको र जिल्ला समन्वय समिति कार्यालयमै नियमित कामकाज गरिरहेको बताएका छन्।

अदालतको स्पष्ट आदेश भए पनि तत्काल कार्यान्वयन नहुनु र अभियुक्तहरू सार्वजनिक रूपमा देखिनुले पर्सामा कानुनी शासन र प्रहरी कार्यक्षमतामाथि गम्भीर प्रश्न उठाएको छ।

## सर्लाही...

सीमावर्ती क्षेत्रमा यति ठूलो परिमाणमा सामान बरामद हुनुले तस्करी सञ्जाल अझै सक्रिय रहेको संकेत गरेको सुरक्षा अधिकारीहरूको भनाइ छ। लामो समयदेखि सर्लाही जिल्ला लाई तस्करीको मुख्य रुटमध्ये एक मानिँदै आएको छ।

स्थानीय स्रोतका अनुसार खुला सीमा, कमजोर निगरानी र संगठित सञ्जालका कारण यस्ता अवैध गतिविधि नियन्त्रण गर्न कठिनाइ भइरहेको छ। पछिल्लो घटनाले सीमा क्षेत्रमा सुरक्षा संयन्त्र अझ कडा बनाउनुपर्ने आवश्यकता पुनः उजागर गरेको बताइएको छ।

## सशस्त्र प्रहरी...

सुरक्षा निकायको भूमिकामाथि समेत प्रश्न उठेको छ। मुसहर्वा, कबहीगोठ,मटिअर्वा, छतवा लगायतका नाकाहरूमा अवैध सामान ओसारपसार भइरहेको आरोप सार्वजनिक भएको छ।

स्थानीय स्रोतका अनुसार कतिपय स्थानमा तस्करी रोक्नुपर्ने निकायकै मिलेमतोमा रातिको समयमा कपडा, कबाड तथा अन्य सामान ओसारपसार भइरहेको दाबी गरिएको छ। केही घटनामा भारतीय सीमा सुरक्षा बलले समेत अवैध सामान नियन्त्रणमा लिएको उल्लेख छ, जसले नेपालतर्फको निगरानी कमजोर भएको संकेत गरेको बताइन्छ। सीमावर्ती क्षेत्रमा लागुऔषध, मदिरा तथा अन्य अवैध कारोबार बढ्दै गएको र नियन्त्रणमा खटिएका निकाय नै विवादमा तानिन थालेपछि स्थानीयले गम्भीर चिन्ता व्यक्त गरेका छन्।

सुरक्षा निकायले भने घटनाबारे छानबिन जारी रहेको र दोषी देखिएमा कडा कारबाही हुने जनाएको छ। तर सीमा क्षेत्रमा देखिएका लगातारका आरोपहरूले समग्र सुरक्षा प्रणालीको प्रभावकारितामाथि प्रश्न उठाइरहेका छन्। सीमावर्ती क्षेत्रमा लागुऔषध, मदिरा तथा अन्य अवैध कारोबार बढ्दै गएको र नियन्त्रणमा खटिएका निकाय नै विवादमा तानिन थालेपछि स्थानीयले गम्भीर चिन्ता व्यक्त गरेका छन्। उनीहरूले सीमा क्षेत्रमा कडाइ, पारदर्शिता र नियमित अनुगमन आवश्यक रहेको माग गरेका छन्। सशस्त्र प्रहरीले भने आरोपबारे छानबिन जारी रहेको र दोषी ठहरिए आवश्यक कानुनी तथा विभागीय कारबाही हुने जनाएको छ। तर पछिल्ला घटनाक्रमले समग्र सीमा सुरक्षा प्रणालीको विश्वसनीयतामाथि फेरि प्रश्न चिन्ह तेर्सिएको छ

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# नदी किनारका सुकुम्वासी बस्ती हटाउन थालियो



**१२ बैशाख, काठमाडौं ।**
सरकारले काठमाडौं उपत्यकाका नदी किनारमा रहेका सुकुम्वासी बस्ती हटाउने कार्य औपचारिक रूपमा सुरु गरेको छ। पहिलो चरणअन्तर्गत थापाथली, गैरिगाउँ र मनोहरा क्षेत्रका बस्ती हटाइएको छ।
नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र काठमाडौं महानगरपालिकाको संयुक्त टोलीले सो क्षेत्रमा रहेका घरटहरा हटाएको हो। काठमाडौं प्रशासनका अनुसार बल प्रयोग नगरी शान्तिपूर्ण रूपमा थापाथली क्षेत्रका संरचना हटाइएको र अन्य स्थानमा पनि अभियान जारी रहनेछ।
यसअघि सरकारले जोखिमयुक्त सार्वजनिक स्थानमा बसोबास गर्दै आएका सुकुम्वासी तथा भूमिहीन परिवारलाई आफ्ना सरसामान र पशुचौपाया सुरक्षित स्थानमा सार्न आग्रह गरेको थियो। सोही सूचनापछि धेरैजसो बासिन्दा आफैं घरटहरा खाली गरेर निस्किएका छन्।
थापाथली क्षेत्रबाट विस्थापित भएकाहरूका लागि सरकारले अस्थायी आश्रयस्थलको व्यवस्था गरेको जनाएको छ। साथै, वास्तविक सुकुम्वासीको पहिचानपछि उनीहरूलाई राज्यले दीर्घकालीन व्यवस्थापन गर्ने योजना रहेको बताइएको छ।
यसैबीच बालेन्द्र शाह ले शनिबार र आइतबार उपत्यकाभित्रका नदी किनारमा अवैध रूपमा निर्माण गरिएका संरचना हटाउन निर्देशन दिएका थिए। सोही निर्देशनअनुसार सम्बन्धित निकायहरूले संयुक्त रूपमा बस्ती हटाउने अभियान अघि बढाएका हुन्।


# पोखरिया नगरपालिकामा ७ करोड "गायब" दाबी




**१२ बैशाख,पर्सा ।**
वीरगञ्ज स्थित पोखरिया नगरपालिका मा आर्थिक अनियमितता र प्रशासनिक बेथितिसम्बन्धी गम्भीर आरोप सार्वजनिक भएका छन्। नगरकी उपप्रमुख रूवि ठाकुर ले नगरको खाताबाट करिब ७ करोड रुपैयाँ बराबरको रकम गायब भएको दाबी गरेकी हुन्।
उनले सञ्चारकर्मीसँगको कुराकानीमा उक्त रकम नगरप्रमुख प्रयुक्त चौहान को निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत र लेखापालको मिलेमतोमा अपारदर्शी रूपमा खर्च गरिएको हुन सक्ने आशंका व्यक्त गरिन्। उनका अनुसार सशर्त अनुदानअन्तर्गत आएको ठूलो रकम पारदर्शी ढंगले खर्च नभएको देखिएको छ।
उपप्रमुख ठाकुरले नगरपालिकामा करिब ११ महिनादेखि कर्मचारीहरूले तलब नपाएको, जनप्रतिनिधिहरूले भत्ता नपाएको तथा ठेकेदारहरूको भुक्तानीसमेत रोकिएको बताइन्। यसले नगरको प्रशासनिक तथा आर्थिक अवस्था अस्तव्यस्त बनेको उनको भनाइ छ।
उनले नगरप्रमुखले सामूहिक निर्णय प्रक्रियालाई बेवास्ता गर्दै एकल रूपमा आर्थिक निर्णयहरू गर्दै आएको आरोप पनि लगाइन्, जसले सुशासन र पारदर्शितामाथि गम्भीर प्रश्न उठाएको छ।
यसैबीच युवा संघ नेपाल पर्साका सचिव राकेश महतो ले एक महिना अघि आय-व्यय विवरण सार्वजनिक गर्न माग गरेका थिए। तर त्यसमा कुनै ठोस कदम नचालिएको भन्दै असन्तुष्टि बढ्दो छ।
नगरपालिकामा देखिएको आर्थिक अनियमितताबारे अखितयार दुरुपयोग अनुसन्धान आयोग ले समेत पटक-पटक छानबिन गरेको जनाइए पनि हालसम्म उल्लेखनीय कारबाही नदेखिएको भन्दै स्थानीयस्तरमा आक्रोश चुलिँदै गएको छ।

बाँकी तेस्रो पृष्ठमा

# मनोहरामा बस्ती हटाउने क्रममा झडप, डीएसपीसहित १४ सुरक्षाकर्मी घाइते



**१२ बैशाख, काठमान्डौ ।**
मनोहरा क्षेत्रमा सुकुम्वासी बस्ती हटाउने अभियानका क्रममा भएको झडपले अवस्था तनावग्रस्त बनेको छ। अनधिकृत संरचना हटाउने क्रममा सुरक्षाकर्मी र स्थानीयबीच ढुंगामुढा भएपछि डीएसपीसहित १४ जना घाइते भएका छन्।
नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल को संयुक्त टोलीले डोजर प्रयोग गरी बस्तीका टहरा तथा केही पक्की संरचना हटाउने प्रयास गरेको थियो। तर त्यसको विरोधमा स्थानीय बासिन्दाले ढुंगामुढा सुरु गरेपछि स्थिति नियन्त्रण बाहिर गएको बताइएको छ।
घटनामा थिमि प्रहरी वृत्त प्रमुख डीएसपी नवराज ढुंगानासहित कुल १४ जना सुरक्षाकर्मी घाइते भएका छन्। भक्तपुर प्रहरीका अनुसार घाइतेमध्ये ८ जना नेपाल प्रहरी, ५ जना सशस्त्र प्रहरी र एक जना पत्रकार रहेका छन्। घाइतेहरूलाई उपचारका लागि नजिकैका स्वास्थ्य संस्थामा पठाइएको छ।
भक्तपुर प्रहरीका अनुसार बस्तीभित्रका अनधिकृत संरचना हटाउने कार्य कानुनी प्रक्रिया अनुसार अघि बढाइएको थियो। तर स्थानीयको प्रतिरोधपछि केही समयका लागि डोजर कार्य रोक्नुपरेको थियो।
प्रहरी स्रोतका अनुसार बस्ती हटाउने अभियान भोलि बिहान ६ बजेदेखि पुनः सुरु गरिने तयारी गरिएको छ। सुरक्षा निकायले पर्याप्त जनशक्ति परिचालन गरी बाँकी संरचना हटाउने योजना बनाएको जनाएको

बाँकी दोश्रो पृष्ठमा

# गर्भवती मृत्यु प्रकरणमा छानबिन तीव्र, दुई क्लिनिक बन्द, चिकित्सकलाई अस्थायी रोक



**१२ बैशाख , काठमाडौं ।**
गीता पाण्डे को मृत्यु प्रकरणमा छानबिनपछि दुई स्वास्थ्य संस्था सिल गरिएको छ भने एक चिकित्सकलाई अस्थायी रूपमा उपचार कार्यमा रोक लगाइएको छ।
छानबिन समितिले दिएको प्रारम्भिक प्रतिवेदनका आधारमा बुटवलस्थित जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिक तत्कालका लागि बन्द गरिएको हो। घटनाको अन्तिम प्रतिवेदन नआएसम्म ती संस्थामा सेवा सञ्चालन नगर्न सिफारिस गरिएको छ।
त्यसैगरी इन्दुलेखा क्लिनिकमा संलग्न डा. सतिश रूपाखेती लाई बिरामी जाँच तथा उपचार सेवाबाट अस्थायी रूपमा रोक लगाइएको छ। नेपाल मेडिकल काउन्सिलले सोहीअनुसार निर्णय कार्यान्वयनमा ल्याएको जनाएको छ।
छानबिन समितिका अनुसार घटनासँग सम्बन्धित विभिन्न पक्षमाथि थप अध्ययन भइरहेको छ। विस्तृत प्रतिवेदनपछि मात्र घटनाको जिम्मेवारी र कानुनी प्रक्रिया स्पष्ट हुने बताइएको छ।
मृतक गीता पाण्डे गर्भपतन प्रक्रियाका क्रममा मृत्यु भएको बताइएको छ। उनी सुरुमा खत्री नर्सिङ होम पुगेकी र त्यहाँबाट अन्य क्लिनिकमा पठाइएपछि जटिलता देखिएको प्रारम्भिक विवरणमा उल्लेख छ।
खत्री नर्सिङ होम का विषयमा भने छानबिन समितिले अझै स्पष्ट निष्कर्ष ननिकालेको जनाइएको छ। मृतकका परिवारले भने सबै संलग्न स्वास्थ्य संस्थामाथि कारबाहीको माग गरेका छन्।
प्रहरीले प्रारम्भिक चरणमा केही व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको भए पनि हाल अधिकांश थुनामुक्त भइसकेका छन्। घटना स्वास्थ्य सेवाको गुणस्तर र नियमनप्रति गम्भीर प्रश्न उठाउने विषय बनेको छ।

# माडी महोत्सवमा जुवाको आरोप, प्रशासनको मौनतामाथि प्रश्न



**१२ बैशाख, चितवन।**
माडी सांस्कृतिक तथा पर्यटन उत्सव २०८३ सांस्कृतिक प्रवर्द्धनको उद्देश्यले आयोजना गरिएको भनिए पनि त्यहाँ अवैध गतिविधि भइरहेको आरोपले विवाद चुलिएको छ।
स्थानीयवासीका अनुसार महोत्सव स्थलमा राति अबेरसम्म जुवा-तास खेलाइने गरेको दृश्य सार्वजनिक भएपछि आयोजक र प्रशासन दुबैको भूमिकामाथि प्रश्न उठेको छ।
स्थानीय स्रोतका अनुसार मेलामा साँझपख औपचारिक कार्यक्रम सुरु भए पनि राति ९ बजेदेखि मध्यरातसम्म जुवाको गतिविधि सक्रिय हुने गरेको छ। त्यस क्रममा युवायुवती र केही विद्यार्थीसमेत संलग्न भएको दाबी गरिएको छ, जसले अभिभावकहरूमा चिन्ता बढाएको छ।
परीक्षाको मुखमा रहेका विद्यार्थीहरूलाई लक्षित गरेर यस्तो गतिविधि हुँदा शैक्षिक वातावरण नै प्रभावित भएको स्थानीयको गुनासो छ। कक्षा १२ को परीक्षा नजिकिँदै गर्दा अध्ययनमा ध्यान दिनुपर्ने समयमा मेला परिसरको होहल्ला र अनियन्त्रित गतिविधिले असर पारेको बताइएको छ।


बाँकी दोश्रो पृष्ठमा

# जिसस पर्सा सभापतिसहित ५ जनाविरुद्ध पक्राउ पुर्जी, कानुनी प्रक्रिया कार्यान्वयनमा प्रश्न

**२२ बैशाख, पर्सा।**
वीरगञ्जस्थित पर्सा जिल्ला मा जिल्ला समन्वय समिति प्रमुखसहित पाँच जनाविरुद्ध अदालतले पक्राउ पुर्जी जारी गरेपछि राजनीतिक तथा प्रशासनिक वृत्तमा सनसनी फैलिएको छ।
निरञ्जन प्रसाद सोनार (अजय) सहित एकै परिवारका पाँच जनाविरुद्ध 'ज्यान मार्ने उद्योग' सम्बन्धी मुद्दामा पक्राउ अनुमति जारी गरिएको हो। पर्सा जिल्ला अदालत ले मिति २०८३/०१/०७ मा जिल्ला प्रहरी कार्यालय पर्सा लाई पक्राउ प्रक्रिया अघि बढाउन आदेश दिएको जनाइएको छ।
अदालतको आदेशअनुसार सभापति सोनारसँगै त्रिलोकी साह सोनार, सन्तोष उर्फ सुमु प्रसाद सोनार, उत्तम उर्फ दिवस सराफ र महेश उर्फ महेश्वर सराफलाई पनि पक्राउ गर्न अनुमति दिइएको छ। रामबाबु साह सोनारको जाहेरीमा आधारित मुद्दामा उनीहरूको संलग्नता देखिएको भन्दै अदालतले तत्काल पक्राउ नगरे प्रमाण नष्ट हुन सक्ने तथा अभियुक्त फरार हुन सक्ने जोखिम समेत औंल्याएको छ।
तर आदेश जारी भएको चार दिन बितिसक्दा पनि अभियुक्तहरू पक्राउ नपरेको भन्दै पीडित पक्षले असन्तुष्टि जनाएको छ। उनीहरूका अनुसार अभियुक्तहरू अझै सार्वजनिक रूपमा देखिनु र नियन्त्रणमा नलिइनुले कानुनी शासनमाथि प्रश्न उठाएको छ।
यता जिल्ला प्रहरी कार्यालय पर्साले भने अभियुक्तहरूको खोजी कार्य जारी रहेको जनाएको छ। प्रहरी

बाँकी तेस्रो पृष्ठमा


## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।